# घिरिङ गाउँपालिकाको सातौ गाउँसभामा गाउँपालिका अध्यक्ष श्री रन बहादुर रानाज्यू, बाट प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम

घिरिङ गाउँपालिका तनहुँ

गण्डकी प्रदेश नेपाल

मिति २०७७ साल असार ०८ गते

श्री घिरिङ गाउँपालिका तनहुँ उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू सहित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु,

१. नेपालको संविधानको निर्देशनमा रहि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत भएको राज्य संरचनामा जनमतद्धारा स्थापित जनताको सबैभन्दा नजिकको सरकारका रुपमा घिरिङ गाउँपालिका तनहुको विकास र समृद्धिको लागि नेपालकै इतिहाँसमा संघीयता पश्चात स्थापित पहिलो गाउँ सभाको सातौं अधिवेशनमा गाउँपालिकाको तर्फबाट आर्थिक बर्ष २०७७ ।७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरेको छु ।

२. नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनका साथै विभिन्न समयमा देश र जनताको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति सम्मान व्यक्त गर्दछु । वेपत्ता नागरिकप्रति स्मरण गर्दै घाइते र पीडित प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका राष्ट्रिय लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

३. संवैधानिक व्यवस्था बमोजिम गठित स्थानीय सरकार जनताको त्याग, बलिदान र लामो संघर्षको उपलब्धी हो । संविधानले अंगीकार गरेको संघीय राज्य प्रणालीलाई कार्यमूलक बनाई जनताको जिउज्यानको सुरक्षा, प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गराउने दिशामा स्थानिय सरकार प्रतिवद्ध छ । लोकतन्त्रको रक्षा एवं सुदृढीकरण गर्दै यसको सार्थकताका लागि संविधानको पूर्ण कार्यान्वयन र संघियताको कुशल व्यवस्थापन गर्न स्थानिय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।

४. सवल र समृद्ध घिरिङ गाउँपालिका निर्माण गर्नका लागि आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रमले संवैधानिक व्यवस्था, स्थानिय तह अधिकार सूची, नेपालले अन्तराष्ट्रियस्तरमा जनाएको दिगो विकास लक्ष्य, संघीय सरकार तथा गण्डकी प्रदेशले लिएका विकास नीति लक्ष्य र गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ मा लिएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिइएको छ । यो आर्थिक वर्षलाई स्थानीय सरकारको सुदृढ व्यवस्थापनका लागि स्थानीय नीति तथा संरचना निर्माण तथा विश्वव्यापी महामारी रुपमा रहेको कोरोना भाइरस जस्ता संक्रामक रोगहरु बाट घिरिङ गाउँपालिकाबासीहरुको जिउ ज्यानको सुरक्षाका लागी संर्घष गर्नु पर्ने वर्ष को रुपमा कार्यान्वयन गरिनेछ ।

५. प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो घिरिङ गाउँपालिका समाजको उत्पति, बनोट, सभ्यता र संस्कृतिको विकासमा समेत विविधतापूर्ण छ । यी हाम्रा साझा सम्पत्ति हुन् । यो यथार्थतालाई आत्मासात गरी धार्मिक, सामाजिक एंव साँस्कृतिक समानता र सहिष्णुता एकताबद्ध, सभ्य समाज निर्माण गर्ने नीति स्थानीय सरकारले लिएको छ ।

६. निर्वाचनको क्रममा आम नागरिकसंग सक्षम र प्रभावकारी स्थानीय सरकार निर्माण गर्नका लागि गरिएको प्रतिबद्धता छोटो समयमा नै कार्यान्वयन भैसकेको छ । घिरिङ गाउँपालिकामा सुशासन,विकास र समृद्धिका लागि लोकतान्त्रिक प्रणाली र प्रक्रियाबाट समग्र घिरिङ गाउँपालिका बासीको हितमा उपयोग गरिनेछ ।

७. हामी सुशासनको अनुभूति जनताको तहसम्म गराउन, विकास निर्माण र आर्थिक समृद्धिका लागि सहमतिका साथ अघि बढ्न प्रतिबद्ध रहेका छौ । यो प्रतिवद्धता पूरा गर्न स्थानीय सरकार सबै राजनैतिक दल, निजि क्षेत्र, नागरिक समाज र सञ्चार जगतको साथ एंव सहयोगको लागि आव्हान गर्दछौ । हामी निरन्तर रुपमा नागरिकसंग अन्तरसम्वाद गर्दै अधिकार सम्पन्न स्थानीय सरकार र समृद्ध घिरिङ गाउँपालिका बनाउन चाहन्छौ ।

८. समग्र घिरिङ गाउँपालिका विकास र समृद्धि हासिल गर्न नागरिक अधिकार, सबैलाई समान अवसर , मजबुत सुरक्षा र सम्मान सहितका स्तम्भमा आवद्ध गराउदै सवल र समृद्ध घिरिङ निर्माण गरी “समृद्ध नेपाल, सुखी नेपाली ”को राष्ट्रिय अभियानलाई अनुभूत र देखिने गरी सार्थक बनाउने छौ ।

९. हाम्रो विकास प्रतिको सोचले आर्थिक र सामाजिक क्षेत्रमा रुपान्तरण ल्याउनेछ । दिगो विकासका लक्ष्य र समृद्धिका आधारलाई पूरा गर्ने विकास नीति, कानून, संस्था जनशक्ति, स्रोत र साधन, सहभागिता, सेवा प्रवाह, अनुगमन र मूल्यङ्कनका क्षेत्रमा परिवर्तन गरिनेछ । वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्ने तर्फ केन्द्रित हुने बिकास योजना तर्जुमा गरिनेछ ।

१०. सार्वजनिक ,निजी र सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न नवप्रवद्धर्क र प्रगतिशील नीतिको कार्यान्वयनमा जोड दिइनेछ । अर्थतन्त्रलाई उत्पादनमुखी,रोजगारी प्रवद्धर्न ,आत्मनिर्भर र निर्यातमूलक बनाउन स्थानीय सरकारको अर्थतन्त्रको संरचनामा परिवर्तन गरिनेछ । सबै प्रकारका उपलब्ध स्रोत साधनको दिगो व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गरी सबै क्षेत्रका न्यूनता र अभावलाई क्रमश कम गर्दै लगिनेछ ।

११. समाजवादउन्मुख अर्थव्यवस्थाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि यो नीति तथा कार्यक्रमले मार्गनिर्देश गर्नेछ । आर्थिक विकासमा सहभागी हुने ,योगदान गर्ने

प्रतिफल प्राप्त गर्ने अवसर घिरिङ गाउँपालिका भित्रका सबै नागरिकलाई समन्यायिक रुपमा उपलब्ध गराईनेछ ।

१२. आधारभूत मानव अधिकारको सम्मान संरक्षण एवम् सम्वद्र्धन गरिनेछ । मानव अधिकारसंग सम्बन्धित प्रतिवद्धताको पूर्ण कार्यान्वयन तथा पालना गरिनेछ । दिगो शान्ति,सुशासन,विकास र समृद्धिका जनअपेक्षालाई  सम्बोधन गरिनेछ ।

उपस्थित सम्पूर्ण महानभावहरु अव म आगामी आर्थिक वर्षको  समग्र विकासका लागि लिइने नीति तथा कार्यक्रमलाई वुदाँगत रुपमा उल्लेख गर्न चाहन्छु ।

**घिरिङ गाउँपालिका तनहुँको दीर्घकालिन नीति तथा कार्यक्रम निम्न अनुसार अवलम्वन गरिनेछ**

कोरोना माहामारी तथा अन्य माहामारी रोगहरु नियन्त्रण रोकथाम, प्राकृतिक विपत्तीजस्ता समस्याहरु संग सामाना गर्न विपत्त व्यवस्थापन कोषलाई विस्तार गरी निरन्तरता दिने ।

एकिकृत र दिर्घकालिन विकासका लागि आवधिक योजना तर्जुमा एवम कार्यान्वयन गर्ने ।

समग्र विकासका लागि शिक्षा ,स्वास्थ्य,कृषि,पर्यटन,सडक,खानेपानी,सिचाई लगाएतका विषयगत क्षेत्रको विकासमा विशेष जोड दिइनेछ ।

सार्वजनिक सेवा प्रवाहमा जनमुखि प्रशासनको माध्यम बाट सुशासनको प्रत्याभूति दिने ।

कृषि तथा पशुपंक्षीपालन क्षेत्रलाई व्यवसायिक करण गर्दै रोजगारी तथा आयआर्जन गर्दै कृषकहरुलाई आफ्नो पेशामा आत्मनिर्भर बनाउने ।

गाउँपालिका भित्र उत्पादित कृषि जन्य तथा अन्य बस्तुहरुको बजारीकरणको व्यवस्था मिलाउने ।

विद्यालय शिक्षालाई गुणस्तरीय प्रविधिमैत्री, बालमैत्री बैकल्पीक तथा सवैका लागि सहज बनाउने ।

आधारभूत स्वास्थ्य सेवा लागि प्रभावकारी तथा सहज बनाउने ।

गाउँपालिका भित्रका धार्मिक,साँस्कृतिक र प्रकृतिक सम्पदाहरुको संरक्षण संवद्र्धन गर्ने ।

घिरिङ गाउँपालिका भित्र बाकी रहेका टोल तथा वस्तीमा विद्युतीकरण तथा स्वच्छ खानेपानीको व्यवस्था गर्ने ।

सरसफाई र वातावरण संरक्षणमा अग्रणि भुमिका निर्वाह गर्ने ।

लक्षित वर्गहरुको उत्थानका लागि सशक्तिकरणका कार्यक्रमहरु,क्षमता विकास,सिप विकास र आत्म निर्भरताको कार्यक्रमहरु सञ्चालन गर्ने ।

गाउँपालिकाका अधुरा योजनाहरु सम्पन्न गर्नुका सार्थ थप नयाँ योजना हरु थालनि गर्ने ।

गाउँपालिका भित्रका गौरव र महत्वपूर्ण योजना हरु कृष्ण मोटर मार्ग,शालिग्राम करिडोर, श्रृङ्गकालि मोटर मार्ग, घुमाउने ताल,सिंचाई,पर्यटन लगातका योजना सम्पन्न गर्न संघिय सरकार , प्रदेश सरकार संग संमन्वय गर्दै गाउँपालिका बाट आवश्यक कार्य गर्ने ।

गाउँपालिकाको विकास र उन्नतिका लागि विभिन्न दाता,सहयोगि निकाय,संघसंस्थाहरुको खोजि गर्ने र प्राप्त सहयोग ग्रहण गर्ने ।

घिरिङ गाउँपालिका तनहुँ को आ. व २०७७ । ०७८ का लागि देहायका क्षेत्रगत नीतिहरु अवलम्बन गरिने छ ।

१. पूर्वाधार विकास

– हाल विश्वव्यापी माहामारी रुपमा रहेको कोरोना भाइरस Covid 19 तथा अन्य माहामारी जन्य संक्रामक रोग नियन्त्रण तथा रोकथामको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

– गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

– सवै वडमा वडा कार्यालय भवन निर्माण कार्य यसै वर्ष भित्र सम्पन्न गरिनेछ ।

– घिरिङ गाउँपालिका भित्र कम्तीमा पच्चिस शैयाको अस्पताल निर्माण गर्नका लागि आवश्यक पर्ने जग्गाको तथा वजेटको व्यव्स्था गरी प्रक्रिया अगाडि बढाइनेछ ।

– अति आवश्यक विरामीका लागि एम्वुलेन्स सेवा प्रदान गर्न एम्बुलेन्स खरिद गरि सञ्चालनमा ल्याइनेछ ।

– कृष्ण मोटर मार्ग लाई कालेपत्रे गर्ने कार्यको थालनी गरिनेछ ।

– श्रृङ्गकाली मोटर मार्ग, श्रृङ्गमार्ग तथा सालिग्राम करिडोर लाई उच्च प्रथामिकताका साथ स्तर वृद्धिका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

– गाउँपालिका भित्रका ख वर्गका मोटर मार्गहरुमा ग्रवेल र पक्की नाल निर्माण गरी स्तर वृद्धि गरिनेछ

– वडा नं. १ र ४ का टारहरु लगायत सम्भावित ठाउँहरुमा सिंचाई गर्नका लागि केन्द, प्रदेश सरकार र सम्बन्धित निकायमा पहल गरिनेछ ।

– गाउँपालिका भित्र बाँकी रहेका टोल वस्तीहरुमा यसै वर्ष भित्र विद्युतिकरण सम्पन्न गरी उज्यालो घिरिङ्ग अभियानलाई सार्थक बनाइनेछ ।

– गाउँपालिकाको कार्यालयहरु,स्वास्थ्य संघसंस्थाहरु र सम्पूर्ण मा.वि आ.वि विद्यालयहरुमा इन्टरनेट सेवा पुर्याइनेछ ।

– गाउँपालिका भित्र संचालित होटल,व्यापार व्यवसाय,उद्योगधन्दा,फर्महरु दर्ता गरी करको दायरा भित्र ल्याईनेछ ।

– गाउँपालिका भित्र आवश्यक स्थानहरुमा खेलमैदान निर्माण गरिनेछ ।

– खरको छाना मुक्त घिरिङ्ग कार्यक्रम अन्तगत विपन्न परिवारका घरको खरको छाना हटाई जस्ता पाताले छाना छाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

– गाउँपालिका भित्रका महत्वपूर्ण चोक बस्तीहरुमा सोलार बत्तीको व्यवस्था गरिनेछ ।

– भुकम्प बाट क्षेतिग्रस्त भएका निजी आवस र विद्यालयको भौतिक संरचनाको पुन निर्माणमा सहजिकरण गरिनेछ ।

– छिमेकी स्थानिय तह बाट घिरिङ गाउँपालिका मा प्रवेश गर्ने सिमानामा प्रवेश द्धार निर्माण कार्यको क्रमस सुरु गरिनेछ ।

– स्थानिय स्तरको सिंचाइ योजनाको पहिचान गरि निर्माणमा जोड दिइनेछ ।

२.आर्थिक विकास

– धार्मिक,सामाजिक,साँस्कृतिक र प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यको पहिचाहन, विकास र सम्वद्र्धन गर्दै पर्यटन उद्योगको प्रवद्र्धन गरिनेछ ।

– आय आर्जन गर्न सहयोग पुयाउने महत्वपूर्ण विषय क्षेत्रको माग मा आधारित तालिम संचालन गरिनेछ

– स्थानीय सरकारमा लगानी मैत्री वातावरणको सिर्जना गरिनेछ । पर्यटन ,उर्जा ,कृषि ,उद्योग र भौतिक पूर्वाधार विकास लाई आर्थिक समृद्धिको इन्जीनको रुपमा विकास गरिनेछ । साथै उच्च र तत्काल आर्थिक प्रतिफल प्राप्त हुने क्षेत्रमा निजी र सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ । नेपाल सरकारको तथा प्रदेश सरकारको पूर्व स्वीकृतिमा प्राप्त हुने विकास सहायता रकमलाई यस क्षेत्रमा उपयोग गरिनेछ ।

– घिरिङकोट, धनबास डाँडा, गजरकोट,च्याचुल र उम्सेमा भ्यूटावर निर्माण कार्य क्रमश अगाडी वढाइने छ ।

– थानीदेवी ,कालाभैरव ,शिवालयक्षेत्र, राजभुंयर,कोटनाउँ,बालीघाट,डाँडाजोर, लगायतका प्राकृतिक तथा धार्मिक तिर्थस्थलहरुको संरक्षण र संवर्धनका लागि जोड दिइनेछ ।

– स्थानीय स्तरमा उत्पादित बस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता र प्रोत्साहन गरिनेछ ।

– कृषि तथा पशुपंक्षीपालन क्षेत्रलाई व्यवसायिकता तर्फ उन्मुख गराईनेछ ।

– कृषि र पशुपंक्षी उत्पादनलाई वृद्धि गर्नका लागि कुषि क्षेत्रको अल्पकालिन,मध्यकालिन र दीर्घकालिन नीति ,रणनिति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

– दुध माछा ,मासु अण्डा , सुन्तला ,केरा,कागती, कफी , अदुवा, अलैची ,आलु ,लसुन,प्याजको उत्पादन वुद्धि गर्न कार्यक्रम बनाई कार्यान्वयन गरि अगाडि वढाइनेछ ।

– कृषि तथा पशु पंक्षी उत्पादनका प्रविधि र उपज गुणस्तर मापदण्ड तर्जुमा गरि नियमनको व्यवस्था गरिनेछ । संघ र प्रदेश संगको सहकार्यमा कृषकलाई बाली र पशुपंक्षी विमा गर्नका लागि प्रोत्साहित गरिनेछ ।

– घिरिङ गाउँपालिका भित्र कृषि उत्पादनलाई वृद्धि गर्न माटो परीक्षण मिनी ल्याव प्रयोग शाला स्थापना गरिनेछ ।

– नदिनाल , ताल तलैया ,डाँडापाखा बनजंगल ,जडिवुटि ,खनिज स्रोतको बहुआयमिक प्रयोग र दिगो व्यवस्थापन गर्दै उत्पादन बृद्धि ,रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा जोड दिइनेछ ।

– घुमाउने तालको निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

– ताले ताल को संभाव्यता अध्यायन गरिनेछ ।

– गाँउपालिका भित्र मुख्य मुख्य स्थानहरुमा कृषि हाटवजारको व्यवस्था गर्नपहल गरिने छ ।

– एक गाँउ एक उत्पादनू कषि कार्यक्रमलाई अगाडी बढाइनेछ ।

– आधुनिक पद्धतिबाट व्यवसायिक तरकारी ,फलफुल खेती ,पशु तथा पंक्षी पालनमा बेरोजगार युवाहरु तथा कृषकहरुलाई विशेष प्राथमिकता दिइने छ । जस्तै कागतीखेती ,सुन्तला खेती,आलु खेती ,लसुन प्याज खेती,अदुवा खेती आदि गर्दा १० रोपनीलाइ कति अनुदान १५ मा कति । २० मा कति जस्ता कुराहरु मा केन्द्रित हुने

– उत्पादन प्रतिफलका आधारमा अनुदानको व्यवस्था मिलाइनेछ ।

– साना,घरेलु ,मझौला तथा ठुला उद्योगहरु स्थापनाको सम्भावित क्षेत्र एकिन गरी आवश्यक प्रकृया अगाडी बढाइने छ ।

– आर्थिक ,सामाजिक ,शैक्षिक तथा साँस्कृतिक सशक्तिकरणमा जोडदिँदै गाउँपालिका भित्रका महिलाहरुको सिप विकास तथा सशक्तिकरणको कार्यक्रममा जोड दिइनेछ ।

– कृषि मल,विउ तथा कृषि औजारमा अनुदानको व्यवस्था मिलाइनेछ ।

– गाँउपालिका क्षेत्र भित्र सम्भावित स्थानमा होमस्टे अवधारणा अगाडी बढाइनेछ ।

– कालीगण्डकी र्याफ्टिङ्ग संचालन गर्न पहल गरिनेछ ।

– लक्षित वर्ग दलित ,जनजाति ,महिला ,जेष्ठ नागरिक ,युवा ,अपाङ्गता भएका र अल्पसंख्यक व्यक्तिहरुका लागि जीवनस्तर उकास्न आयआर्जनमा आधारित सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

## ३. सामाजिक विकास

– नेपालको संविधानले प्रदत्तगरेको आधारभूत तह शिक्षा निशुल्क एंव अनिवार्य गराउन प्रस्तावित रुपमा सञ्चालित विद्यालयहरु लाई स्थलगत अनुगमनको प्रतिवेदनका आधारमा उचित आर्थिक तथा प्राविधिक व्यवस्था मिलाइनेछ ।

– स्वच्छ खानेपानी मा सवै जनताको पहुँच पुर्याउनका लागि एकघर एकधारा कार्यक्रमू लाई निरन्तरता दिइने छ ।

– सफा गाउँपालिका हाम्रो पहिचान नाराका साथ घिरिङ गाँउपालिका को प्रत्येक टोलबस्ती पूर्ण सरसफाई युक्त टोल घोषणा गर्न आवश्यक पहल गरिने छ ।

– घिरिङ गाउँपालिकालाई शैक्षिक हवका रुपमा विकासगर्न गाउँशिक्षा गुरुयोजना तयार गरिने छ ।

– गाउँपालिका क्षेत्र भित्र फोहोर मैला व्यवस्थापन गर्नका लागि सार्वजनिक नीजि साझेदारीमा टोलटोलमा फोहोरमैला व्यवस्थापन कार्य सुरु गरिनेछ ।

– विद्यालयको भौतिक सुविधा सुधार गर्दै गुणस्तरिय शिक्षामा जोड दिइनेछ ।

– अत्यावश्यक सेवा तथा वस्तु सहज सुलभ र नियमित रुपमा उपलब्ध गराउन सार्वजनिक ,निजी तथा सहकारी क्षेत्रलाई सहभागी गराउदै उपभोक्ता हित संरक्षण तथा प्रवद्र्धन गरिने व्यवस्था मिलाइनेछ ।

– खेलकुदको विकासका लागि गाउँपालिका भित्र सुविधासम्पन्न रङ्गशाला निर्माणमा पहल गरिने छ ।

– खानेपानीका डिप बोरिङ तथा पम्पीङ आयोजना हरुलाई प्राथमिकता दिइने छ । साथै आवश्यक स्थानमा वोरिङको सम्भाव्यता अध्ययन गरिनेछ ।

– घिरिङ ५ मा रहेको श्री सरस्वती मा.वि मा १० जोड २ सञ्चालनका लागि आर्थिक,प्राविधिक सहयोग गरिने छ ।

– घिरिङ गाउँपालिका भित्र सुविधा सम्पन्न स्वास्थ्य परीक्षण ल्याव स्थापना गरिने छ ।

– बाल विकास कक्षा देखि कक्षा १० सम्मको परीक्षा शुल्लक निशुल्क गरिदै आएकोमा त्यसलाई निरन्तरता दिइनेछ ।

– दरबन्दी न्यून रहेका विद्यालयमा शिक्षक व्यवस्थापन मिलाइनेछ ।

– महिला स्वास्थ्य स्वयं सेविका हरुले स्वास्थ्य सेवामा पुर्याएको योगदानको कदर गर्दै प्रोत्साहान भत्ताको व्यवस्था गरिनेछ ।

– २० वर्ष सेवा पुरा गर्ने महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाई कार्यक्रम गरिनेछ ।

– कम्तीमा ४ पटक गर्भवती जाँच गरी स्वास्थ्य संस्थामा प्रसुती हुने महिलाहरुलाई प्रोत्साहान स्वरुप थप रकम उपलब्ध गराईनेछ ।

– प्राविधिक विषय अध्ययन गर्ने विपन्न परिवारका जेहन्दार विद्यार्थीलाई छात्रवृतिको व्यवस्था गरिनेछ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन

– विविध खालका प्राकृतिक विपत्तीका कारणले धनजनको क्षतिका लागि राहत दिन विपद् व्यवस्थापन कोष लाई निरन्तरता दिइने छ ।

– धार्मिक ,साँस्कृतिक ,ऐतिहासिक तथा पुरातात्वीक महत्वपूर्ण स्थलको संरक्षण र पूर्वाधार विकास निर्माण गर्दा वातावरणीय संरक्षण गर्ने नीति लिइने छ ।

– वन व्यवस्थापनको नीतिगत कानुनी र संरचनागत व्यवस्था मिलाइनेछ । कवुलियति र निजी वन विकास कार्यक्रमलाई व्यापक र सरल बनाइने छ । र अनियन्त्रित वन फडानीलाई नियन्त्रण गरि कानून बमोजिम दण्ड जरिवाना गरिने नीति लिइनेछ ।

– खानेपानी मुहानमा पानी रसाउन सहयोग गर्ने जातका विरुवा वृक्षारोपणमा प्रेरित गरिने छ ।

– वन संरक्षण दिगो व्यवस्थापन तथा उपयोग र स्वच्छ बातावरणको लागि समुदायमा आधारित बन व्यवस्थापनमा जोड दिइनेछ ।

– प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनको कानुन र मापदण्डका आधारमा अनियन्त्रीत र अवैध दोहोनलाई नियन्त्रण र नियमन गरिनेछ ।

– जंगली जनावर नियन्त्रण गरि कृषि उत्पादनमा वृद्धि गर्ने कार्यक्रम अगाडि बढाइने छ ।

– विकास निर्माणको कारणले वातावरणमा पर्ने प्रभाव न्यूनिकरणमा पहल गरिनेछ ।

– सार्वजनिक स्थल,पाखा क्षेत्रमा वृक्षारोपण ,हरियालीमा जोड दिइने छ ।

– विपद् जोखिम क्षेत्रको नक्साङ्कन गरिनेछ ।

– विपद् पूर्वतयारी तथा जोखिम न्यूनिकरण कार्यक्रम बनाइलागु गरिनेछ ।

५.संस्थागत विकास ,सेवा प्रवाह र शुसासन

– गाउँपालिकामा कार्यरत मौजूदा कर्मचारीको मनोवल उच्च पार्ने सकारात्मक उत्प्रेरणाका कार्यक्रम गरिनेछ ।

– सेवाग्राही मैत्री प्रशासन शुसासन र अनुसासनको माध्यमबाट प्रभावकारी सेवा प्रवाहमा जोड दिइने छ ।

– स्थानिय पञ्जिकरण कार्यलाई अझ व्यवस्थीत प्रविधि मैत्री बनाइनेछ ।

– जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक अन्तरक्रिया सञ्चालन गरिने छ ।

– सेवा प्रवाह ,विकास प्रशासनका काम कारबाहीहरुलाई पारदर्शी तुल्याई आम जनतामा शुसासनको अनुभूती प्रदान गर्न आवश्यक पहलकदमी लिइनेछ ।

– अधुरा योजनालाई निरन्तरता दिइनेछ ।

– संस्थागत विद्यालयहरूलाई नीति बनाई क्रमश सामुदायिक विद्यालयमा गाभन पहल गरिनेछ ।

– सामाजिक सुरक्षा भत्ता व्यवस्थित गर्दै सहज र सजिलो ढङ्गले समयमै वितरण गरिनेछ ।

– भूमिकरको अभिलेख व्यवस्थित गरिनेछ ।

– जनसंखिकरण गरी अभिलेखिकरण गरिनेछ ।

– बाँझे रहेको जमिनहरू संकलन गरी भुमीबैंकको स्थापना गरी रोजगारी गुमाएका र बेरोजगार युवाहरू लाई कृषि व्यवसायिक बनाउने व्यवस्था पहद गरिनेछ ।

धन्यवाद !